छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १० | संख्याः १ | २०८३ असार ३२ गते

भाग-१

छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## छायाँनाथ रारा नगरपालिका नगर प्रहरी ऐन, २०८३

# नगर प्रहरी ऐन, २०८३

<u>प्रमाणित मिति</u>
२०८३/०३/३१
<u>प्रकाशित मिति</u>
२०८३/०३/३२

संवत् २०८३ सालको ऐन नं. २

## <u>नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>:** छायाँनाथ रारा नगरपालिका भित्र कानूनको शासन स्थापित गर्दै नगरपालिकालाई शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गरी नगरपालिका एवं नगर क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, नगरपालिकाका निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्धारको कार्य गर्न, बजार व्यवस्थापन, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धी कार्य गर्न, नगरक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धन गर्न तथा विपद् व्यवस्थापन तथा अन्य आकस्मिक घटनाहरूको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै नगर प्रहरी सुव्यवस्था कायम गरी नगरवासीलाई स्थानीय सरकारको अनुभुति प्रदान गर्न नगर प्रहरीको गठन गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) मा उल्लेख भएको नगर प्रहरी सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार गरि प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो ऐन जारी गरेको छ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यो ऐनको नाम छायाँनाथ रारा नगरपालिका "नगर प्रहरी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा :</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "नगर प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(ग) "उप प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ङ) "कार्यालय" भन्नाले छायाँनाथ रारा नगरपालिकाको कार्यालय सम्झनुपर्छ।

(च) "पदपूर्ति समिति" भन्नाले छायाँनाथ रारा नगरपालिकाको पदपूर्ति समितिलाई सम्झनुपर्छ।

(छ) "नगर प्रहरी प्रमुख" भन्नाले आफूमातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी कर्मचारी भन्ने सम्झनुपर्छ। यस शब्दले नगर प्रहरी प्रमुख नियुक्त नभएसम्म नगर प्रहरी कर्मचारीको कमाण्ड गर्ने हवल्दार वा सिनियर प्रहरी जवानलाई समेतलाई जनाउँछ।

(ज) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी निरिक्षक, सहायक निरिक्षक, हवलदार, जवानको रुपमा नियुक्त कर्मचारीलाई सम्झनुपर्छ।

(झ) "सेवा करार" भन्नाले यस ऐन बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनुपर्छ।

(ञ) "छनौट समिति" भन्नाले नगर प्रहरी भर्ना तथा सिफारिसका लागि गठित छनौट समितिलाई सम्झनुपर्छ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनुपर्छ।

## परिच्छेद-२
## नगर प्रहरी कर्मचारी क्षेत्राधिकार, सेवा गठन, काम, कर्तव्य र अधिकार

३. **नगर प्रहरीको क्षेत्राधिकार:** (१) नगर प्रहरी कर्मचारीको क्षेत्राधिकार प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम छायाँनाथ रारा नगरपालिका भित्र मात्र रहनेछ।

४. **नगर प्रहरी सेवाको गठन:** (१) नगरपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ। नगर प्रहरी सेवाका विभिन्न पदहरु, विभिन्न पद अन्तर्गत रहने नगर प्रहरी कर्मचारीहरुको दरवन्दी संख्या र पदपूर्ती सम्वन्धी व्यवस्था यसै ऐन अनुसार हुनेछ।

५. **नगरपालिकामा रहने नगर प्रहरी कर्मचारीको पद:** (१) नगरपालिकामा रहने नगर प्रहरी कर्मचारीको पद देहाय अनुसार हुनेछ।

(क) नगर प्रहरी नायाव निरिक्षक

(ख) नगर प्रहरी सहायक निरिक्षक

(ग) नगर प्रहरी हवल्दार

(घ) नगर प्रहरी जवान

(ङ) नगर प्रहरीको भान्से

(२) उपदफा (१) अनुसारका पदहरु मध्ये आवश्यकता अनुसारका पदहरु र ती पद अन्तर्गत रहने नगर प्रहरी कर्मचारीको दरवन्दी र संख्या नगरसभाले स्वीकृत गर्नेछ।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएतापनि ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नगर प्रहरीको स्वीकृत पदसंख्या २४ (चौबीस) जना रहे पनि, कुनै पद रिक्त हुँदै जाँदा सो पदमा स्वतः पदपूर्ति गरिने छैन। नगरपालिकाको आवश्यकता, संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एण्ड एम सर्भे) र आर्थिक क्षमताको आधारमा पदसंख्या क्रमशः घटाउँदै अधिकतम १५ (पन्ध्र) जनामा सीमित गरिनेछ। एक पटक पदसंख्या १५ (पन्ध्र) जना पुगेपछि सोभन्दा बढी पद कायम वा पदपूर्ति गरिने छैन।

(४) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण तयार गर्नेछ र सोही कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य र अधिकार समेत उल्लेख गर्नु पर्नेछ।

६. **नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः** (१) नगर प्रहरी कर्मचारीहरु सधै आफ्नो ड्यूटीमा रहेको मानिनेछ। निजलाई जुनसुकै बखत पनि काममा लगाउन सकिनेछ ।

(२) नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगरपालिकाको नीति, कानून मापदण्ड तथा निर्णय कार्यन्वयन गर्ने,

(ख) नगरपालिकाको सम्पत्तीको सुरक्षा र संरक्षण गर्ने। सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने, निर्माण वा अतिक्रमण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, भत्काउने आदेश भएमा भत्काउने,

(ग) स्थानीय स्तरमा हुने सभा समारोह परम्परा तथा जात्रा चाडपर्वहरुको सुरक्षा व्यवस्था गर्ने,

(घ) स्थानीय बजार, सडक पेटी तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने, सार्वजनिक आवगमनमा बाधा अवरोध पुर्याई राखिएका निर्माण सामाग्रिहरु त्यस्ता पसल तथा व्यवसायबाट हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने,

(ङ) नगरको सरसफाई सम्बन्धि नगर कानुन मापदण्डको कार्यन्वयन गर्ने,

(च) न्यायिक समितिले गरेका मिलापत्र, आदेश तथा निर्णयको कार्यन्वयन गर्ने। न्यायिक समितिले आदेश गरे बमोजिम सम्बन्धित पक्षहरु कहाँ म्याद तामेली गर्ने र पूर्जी, सूचना बुझाउने,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(ज) विपद् व्यवस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनर्स्थापना गर्ने,

(झ) बिना इजाजत व्यानर, होडिङ्ग बोर्ड, ग्लोबोर्ड लगाएतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने तथा अनधिकृत विज्ञापन तथा होर्डिङबोर्ड नियन्त्रण गर्ने, हटाउने,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने। छाडा पशुचौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुन नसकेका छाडा पशु चौपाया नगरपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने, गराउने,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने। नगर क्षेत्र भित्र कसैले भवन निर्माण गर्दा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिई भत्काउने आदेश दिएमा भत्काउने,

(ठ) नगरपालिकाको कर संकलनमा सहयोग गर्ने,

(ड) फोहरमैला व्यवस्थापनकार्यमा सहयोग गर्ने। नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने, अटेर गर्नेलाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने।

(ढ) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सडेगलेको खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने। तोकिएका मापदण्ड विपरित सडेगलेको हानिकारक वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने। पटक पटक यस्तो कार्य दोहरिएमा जरिवाना गर्न वा पसल वन्द गर्न, गराउन राय साथ पेश गर्ने,

(ण) रोगी वा कानूनले निषेध गरेका पशु पंक्षी काटकार गर्न नदिने र त्यस्ता पशु पंक्षीको मासु विक्री वितरणमा रोक लगाउने। अटेर गरेमा जफत गरी नष्ट गर्ने र कारवाहीका लागि राय साथ पेश गर्ने,

(त) छाडा कुकुर नियन्त्रण सम्वन्धी कार्य गर्ने। मरेका जीवजन्तु समयमै उचित स्थानमा गाडन लगाउने,

(थ) सडक आवागमन वा सर्व साधारणको लागि खतरा देखिएका रुखहरु काट्न लगाउने। जोखिमपूर्ण घर, पर्खाल भए सो को लिखित प्रतिवेदन पेश गरी भत्काउन आदेश भए भत्काउने,

(द) वडा समिति, टोल सुधार समिति वा टोल विकास संस्था, अन्य सामाजिक संघ संस्था र सामुदायिक प्रहरी संगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने, गराउने,

(ध) नगर कार्यपालिका, विभिन्न समिति, उप-समिति विभाग तथा आयोजनाहरु बाट लागु हुने नीति दफा, निर्णय, मापदण्ड र नगरपालिकाको विद्यमान कानून कार्यान्वयन गर्ने,

(न) नगरमा सु-व्यवस्था कायम गर्ने, नगरपालिकाको चल अचल सम्पत्ती, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने,

(ऩ) इजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा पेशा तथा व्यवसायको दर्ता नविकरण गर्न लगाउने,

(प) नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई कारवाही गर्ने,

(फ) विना इजाजत व्यानर, होडिङ्ग बोर्ड ग्लोबोर्ड लगाएतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने,

(ब) नगरपालिकाले संचालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रमहरुमा सुरक्षा प्रदान गर्ने र तोकिए बमोजिम नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने,

(भ) नाप तौलका सामाग्रीको चेक जाँच गर्ने, पसल तथा व्यवसायमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने,

(म) होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप संचालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्ने,

(य) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास वा जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने। अनुमतिविना जादु, सर्कस र आर्थिक संकलन गर्ने प्रकृतिका विभिन्न खेलहरु सञ्चालन गर्न नदिने,

(र) नगरपालिकाका क्षेत्रभित्र संचालनमा आएका अस्थायी प्रकृतिका बजारहरुको रेखदेख गर्ने, ब्यापारीहरुको लगत राख्ने,

(ल) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने,

(व) नगर प्रहरीले आवश्यक र न्यूनतम बल मात्र प्रयोग गर्नेछ। कुनै पनि अवस्थामा यातना, अमानवीय वा अपमानजनक व्यवहार गर्न पाइने छैन।

(श) ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा संचालनमा रोक लगाउने,

(ष) नगर क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय संचालन गर्ने फर्म, कम्पनी संचालकहरुको सूची तयार गरी राख्ने र अनुगमन गर्ने,

(स) प्रचलित कानूनले अनुमति दिएको बाहेक कुनै आग्नेयास्त्र प्रयोग गर्न वा बोक्न पाइने छैन।

(ह) नगरपाकिका मातहतका शाखा, आयोजना, कार्यक्रम अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने। शाखा, आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलव्ध गराउने,

(क्ष) नगरपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

(त्र) संविधान, मानवअधिकार तथा प्रचलित कानूनको पूर्ण पालना गर्नुपर्नेछ।

(३) नगर प्रहरी कर्मचारीको कार्य विवरण तयार गर्दा दफा (२) अन्तर्गत उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ।

(४) उपदफा (२) बमोजिमका कार्यहरु गर्दा नगर प्रहरी कर्मचारीले स्थानीय प्रहरी संग समन्वय गरेर कार्य गर्नु पर्छ।

(४) यस दफा बमोजिम नगर प्रहरी कर्मचारीले कारवाही गर्दा असूल गर्ने जरिवाना रकम तथा कुनै सामाग्री हटाउँदा लागेको खर्च अशुल सम्बन्धी व्यवस्था आर्थीक ऐनले तोके बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>दरवन्दी श्रृजना र पदपूर्ती सम्वन्धी व्यवस्था</u>

७. **<u>नगर प्रहरीको सेवा प्रकृतिः</u>** (१) यस ऐन बमोजिम नियुक्ति हुने सम्पुर्ण नगर प्रहरी कर्मचारीहरूको सेवा पूर्ण रूपमा अस्थायी तथा सेवा करार प्रकृतिको हुनेछ।

(२) यस ऐन अन्तर्गत करारमा कामकाज गरेकै आधारमा कुनै पनि नगर प्रहरी कर्मचारीले भविष्यमा स्थायी दरबन्दीमा स्वतःनियुक्ति वा स्थायीकरणका लागि कुनै पनि कानूनी दाबी गर्न पाउने छैन।

(३) स्विकृत दरबन्दीमा रिक्त पदहरू खुला प्रतिस्पर्धात्मक परिक्षण, आन्तरिक प्रतिस्पर्धात्मक र सेवा करार सम्झौताका आधारमा मात्र पूर्ति गरिनेछ।

८. **<u>पद तथा दरवन्दी श्रृजना सम्वन्धी व्यवस्थाः</u>** (१) छायाँनाथ रारा नगरपालिकाको लागि तपसिल बमोजिमको नगर प्रहरीको आवश्यक दरबन्दी सिर्जना गरिएको छ।

(क) नगर प्रहरी नायाव निरिक्षक -एक जना
(ख) नगर प्रहरी सहायक निरिक्षक -एक जना
(ग) नगर प्रहरी हवल्दार -पाँच जना
(घ) नगर प्रहरी जवान -सोह्र जना
(ङ) नगर प्रहरीको भान्से -एक जना

(२) उपदफा (१) मा उल्लेखित नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न पद, तह तथा दरवन्दीको श्रृजना र खारेजी सम्बन्धी व्यवस्था नगरसभाले निर्णय गरे बमोजिम हुनेछ।

(३) दरवन्दी श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीबाट थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्छ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन लागु हुनु भन्दा अगाडि नगरसभाबाट स्वीकृत भएका नगर प्रहरीका दरबन्दीहरु यसै ऐन अनुसार स्वीकृत दरबन्दी मानिनेछन।

९. **<u>नियुक्ति गर्ने अधिकारीः</u>** नगर प्रहरी कर्मचारी छनौट तथा सिफारिश समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछन्।

१०. **<u>पदपूर्ती गर्ने तरिकाः</u>** (१) नगर प्रहरी कर्मचारीको पदपूर्ती देहाय बमोजिम गरिनेछ ।

| सि.नं. | पद | खुल्ला प्रतियोगिता | जम्मा |
|---|---|---|---|
| १. | नगर प्रहरी नायव निरीक्षक | १००% | १००% |
| २. | नगर प्रहरी सहायक निरीक्षक | १००% | १००% |
| ३. | नगर प्रहरी हवल्दार | १००% | १००% |
| ४. | नगर प्रहरी जवान | १००% | १००% |

| | | | |
|---|---|---|---|
| ५. | नगर प्रहरीको भान्से | १००% | १००% |

(२) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपुर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पुर्ति पद मध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(क) महिला -३३ प्रतिशत

(ख) आदिवासी/जनजाती -२७ प्रतिशत

(ग) पिछडिएको क्षेत्र -२७ प्रतिशत

(घ) दलित -९ प्रतिशत

(ङ) मधेसी -५ प्रतिशत

<u>**स्पष्टीकरणः**</u> (१) यस ऐनको प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ।

(३) यस ऐनको उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई सम्झनु पर्छ।

(४) उपदफा (२) वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ।

तर त्यसरी नतोके सम्मको लागि जुनसुकै महिला, आदिवासी जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय सम्झनु पर्छ।

(५) उपदफा (२) वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न गर्नुपर्छ।

(क) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी जनजातिका लागि नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी जनजाति भनी प्रमाणित भएको,

(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

(ग) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको हुनुपर्नेछ,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्मको लागि सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित भएको प्रमाण पेश गर्नुपर्नेछ,

(घ) दफा (२) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घातांक (फ्रयाक्सन) आएमा त्यस्तो घातांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ,

(ङ) दफा (२) बमोजिम छुट्याईएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उर्तीण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उर्तिण भएका उम्मेदारबाट पूर्ति गरिनेछ।

(६) नगर प्रहरीको नियूक्तिका लागि आवश्यक पर्ने शारीरिक तन्दुरूस्ती, अन्तवार्ताको विधि, परिक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली सम्बन्धी अण्य व्यवस्था प्रचलित कानून बमोजिम पदपूर्ति समितिले तय गरे बमोजिम हुनेछ।

(७) नगरपालिकाद्वारा खुल्ला प्रतियोगिताबाट पदपूर्ति गरिने पदमा नियूक्ति गर्दा नगरपालिका भित्र स्थायी बसोबास भएका उम्मेदवारको हकमा निश्चित अंकभार छुट्याउन सकिने छ।

११. <u>**नगर प्रहरीको न्युनतम योग्यता तथा अयोग्यताः**</u> (१) खुला प्रतियोगिताद्वारा नियूक्त हुने नगर प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन निम्नानुसारको योग्याता भएको हुनु पर्नेछ।

**(क) नगर प्रहरी नायव निरीक्षक पदको योग्यता,-**

(१) दरखास्त आह्वान भएको सालको बैशाख १ गते २१ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको। तर खुला प्रतियोगितामा भाग लिने नगर प्रहरी सेवा वा नेपाल सरकारको सुरक्षा निकायको बहालवाला वा सेवानिवृत कर्मचारीको हकमा ३५ वर्ष ननाघेको हुनु पर्नेछ,

(२) मान्यता प्राप्त विश्व विद्यालयबाट कम्तीमा प्रवीनता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(३) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,

(४) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(५) राजनितिक दलको सदस्य नरहेको,

(६) आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,

(७) महिलाहरुको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको र पुरुषको हकमा घटीमा ५ फिट २ इन्च उचाई, छाती ३१ देखि ३३ ईन्च, तौल ५० के.जी. भएको,

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(९) नेपाली नागरिकताको प्रमाण पत्र भएको,

(१०) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

**(ख) नगर प्रहरी सहायक निरीक्षक पदको योगयता,-**

(१) दरखास्त आह्वान भएको सालको बैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको तर बहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको, तर खुला

प्रतियोगितामा भाग लिने नगर प्रहरी सेवा वा नेपाल सरकारको सुरक्षा निकायको बहालवाला वा सेवानिवृत कर्मचारीको हकमा ३५ वर्ष ननाघेको हुनु पर्नेछ,

(२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीनता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(३) दफा १२ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (३) देखि (१०) सम्मका सबै शर्त पूरा गरेको।

**(ग) नगर प्रहरी हवलदार पदको योगयता,-**

(१) दरखास्त आह्वान भएको सालको बैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको,

तर बहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको, तर खुला प्रतियोगितामा भाग लिने नगर प्रहरी सेवा वा नेपाल सरकारको सुरक्षा निकायको बहालवाला वा सेवानिवृत कर्मचारीको हकमा ३५ वर्ष ननाघेको हुनु पर्नेछ,

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. ई.ई. वा सो सरहको परीक्षा उतिर्ण गरेको।

(३) दफा १२ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (३) देखि (१०) सम्मका सबै शर्त पूरा गरेको।

**(घ) नगर प्रहरी जवान पदको योगयता,-**

(१) दरखास्त दिने सालको बैशाख १ गते १८ वर्ष उमेर पूरा भएको २३ वर्ष ननाघेको।

तर बहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको, तर खुला प्रतियोगितामा भाग लिने नगर प्रहरी सेवा वा नेपाल सरकारको सुरक्षा निकायको बहालवाला वा सेवानिवृत कर्मचारीको हकमा ३५ वर्ष ननाघेको हुनु पर्नेछ,

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको।

(३) दफा १२ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (३) देखि (१०) सम्मका सबै शर्त पूरा गरेको।

**(ङ) नगर प्रहरी भान्से पदको योगयता,-**

(१) दरखास्त दिने सालको बैशाख १ गते १८ वर्ष उमेर पूरा भएको ३५ वर्ष ननाघेको। महिलाको हकमा ४० वर्ष ननाघेको।

(२) साधारण लेखपढ गर्न जान्ने।

(३) ठूलो संख्यामा खाना पकाइन सक्ने हुनु पर्ने।

(४) छाला तथा सरूवा रोग नभएको,

(५) मानसिक तथा शारीरिक रूपमा स्वस्थ हुनु पर्ने,

(६) नेपाली नागरिक हुनुपर्ने,

(७) दफा १२ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (३) देखि (६) सम्मका सबै शर्त पूरा गरेको।

(२) दफा ११ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम नगर प्रहरी र खण्ड (ङ) बमोजिम नगर प्रहरी भानसेको नियुक्ति गर्दा पदपूर्ति समितिको सिफरिसमा प्रमुख प्रशासकिय अधिकृत वा अधिकार प्राप्त अधिकृतले नियुक्ति दिनेछन्।

(३) दफा १० मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी सेवाको रिक्त पदमा नयाँ नियूक्तिद्वारा पदपूर्ति हुने पदको उम्मेदवार हुन, नयाँ नियूक्ति हुने तह भन्दा एक तह मुनिको पदमा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(क) तोकिएको पदमा पदपर्ति गर्दा सो पद भन्दा एक तह मुनिको पदमा कम्तीमा तिनवर्ष सेवा अवधि पुरा भएको,

(ख) न्यूनतम शैक्षिक योग्यता दफा ११ अनुसार भएको,

(ग) तालिम वाफतको अङ्क।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी प्रमुख पदमा नयाँ नियुक्तिबाट पुर्ति गर्न संभाव्य गर्न सकिनेछ। तर निजको उमेर ५० वर्ष ननाघेको हुनु पर्नेछ।

(५) देहायको व्यक्ति नगर प्रहरी सेवामा नियूक्त हुन अयोग्य मानिनेछ।

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगममा कसूरदार ठहरिएको व्यक्ति,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको व्यक्ति

(घ) अदालतबाट मानव अधिकार वा मानवीय कानूनको उलङ्घनमा कसूरदार ठहरिएको व्यक्ति।

१२. **<u>पदपूर्ति समितिः</u>** (१) हाल स्थानीय सरकार संचालन ऐनमा पदपूर्ति समितिको व्यवस्था नभएकोले पछि संघीय वा प्रदेश सरकारले बनाएको प्रचलित कानून बमोजिम पदपूर्ति समिति गठन हुने गरी हाललाई निम्नानुसार नगर प्रहरी पदपूर्ति समिति गठन गरिने छ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) नगर प्रमुखबाट मनोनति एक जना -सदस्य

(ग) शाखा अधिकृत, प्रशासन शाखा प्रमुख वा नगरपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(२) पदपूर्ति समितिले आवश्यक पर्ने बिषय जानकार तथा विज्ञहरुलाई आमन्त्रित गरी कार्य गर्न सक्नेछ।

१३. **<u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति पदको पाठ्यक्रम निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्य तालिका बनाउने,

(ग) परिक्षाका किसिम तोक्ने,

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तिका लागि सिफारिस गर्ने।

(२) दफा १२ बमोजिमका पदपूर्ति समितिले पदपूर्ति सम्बन्धमा व्यवस्था गरेका वा तोकेका अन्य कार्यहरु गरी कार्यान्वयन गर्न सक्नेछ।

१४. **<u>विज्ञापन सम्बन्धी व्यवस्था:</u>** (१) पदपूर्ति समितिले पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दा पत्रपत्रिका वा नगरपालिकाको सूचना पाटीमा कम्तिमा पन्ध्र दिनको म्याद दिई देहायका विषय समेत खुलाई प्रतियोगिताका लागि विज्ञापन प्रकाशन गर्नुपर्नेछ :

(क) पदको नाम,

(ख) आवश्यक संख्या (खुला र समावेशी अलग अलग देखिने गरी)

(ग) दरखास्त दिने अन्तिम मिति र स्थान

(घ) दरखास्त दस्तुर

(ङ) परीक्षा दस्तुर

(च) आवश्यक न्यूनतम शैक्षिक योग्यता

(छ) पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु

(ज) सम्पर्क मिति र स्थान

(झ) परीक्षाका तरिकाहरु

(ञ) अन्य शर्तहरु

(२) उपदफा (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले एउटा पदका लागि समावेशी वा खुलातर्फ दरखास्त दिन सक्नेछन्।

(३) उपदफा (२) बमोजिम दरखास्त पेश गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समूहका पदका लागि परीक्षा दस्तुरको थप पचास प्रतिशत रकम दस्तुर बुझाउनु पर्छ।

(४) उपदफा (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि निर्धारित दरखास्त फाराम भरी परीक्षा दस्तुर सहित विज्ञापनमा तोकिएको स्थान र समयमा बुझाउनु पर्छ।

(५) पदपूर्ति समितिवाट विज्ञापन प्रकाशित भएपछि दरबन्दी थप वा खाली तह पद रिक्त भएमा लिखित परीक्षा हुनुभन्दा अगावै सो पदपूर्ति समितिले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा संख्या समेत थप गर्न सक्नेछ।

१५. **<u>सेवा करार सम्बन्धी व्यवस्था:</u>** (१) पदपूर्ती समितिले खुला प्रतियोगिता वा आन्तरिक प्रतियोगिताद्वारा पद पुर्ति हुने पदमा आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई निजहरुको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्ति गर्न नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भै आएको उम्मेदवारलाई नगर कार्यपालिकाको कार्यालयले सेवा करारमा नियुक्ति गर्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नु पर्छ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवा शर्तहरु र सुविधाका कुराहरु समेत स्पष्ट उल्लेख गरी सेवा करामा लिने व्यक्तिसंग वढीमा एक वर्षका लागि सेवा करार सम्झौता गर्नु पर्छ।

(५) सम्झौता बमोजिम सेवा करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकिय अधिकृतले पुनः सम्झौता गर्न सक्नेछ।

(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ति हुने व्यक्तिले सम्झौतामा उल्लेख भए बाहेकका अन्य कुनै सुविधा, सहुलियतको दावि गर्न पाउने छैन।

(७) यस दफा बमोजिम सेवा करारमा नियुक्ति गर्दा सो पदलाई आवश्यक पर्ने योग्यता समेतलाई आधार लिई नियुक्ति सम्बन्धी कारवाही अगाडी वढाउनु पर्छ।

(८) यस ऐन बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरीको पारीश्रमिक नेपाल प्रहरीका समान तहले पाउने शुरु तहको तलब, भत्ता, राशन, पोशाक र करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। कामको प्रकृति र सेवालाई विशेष ध्यानमा राखी जिम्मेवारी विशेषलाई थप सुविधा उपलब्ध गराउन सकिनेछ। साथै नगर सभाको निर्णय अनुसार नगर प्रहरीलाई नगरपालिकाको आन्तरिक आयश्रोतबाट खर्च हुने गरि स्थानीय भत्ता, महँगी भत्ता तथा अन्य भत्ता समेत उपलब्ध गराउन सकिनेछ।

(९) कार्यालयले करारका कर्मचारीको परिश्रमिक भुक्तानी गर्दा निजले महिना भरी गरेको हाजिरी प्रतिवेदन सहित सम्बन्धित विषयगत शखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्छ।

(१०) करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्छ।

तर त्यस्तो करारको अवधि एकपटकमा एक वर्ष भन्दा बढी हुनेछैन।

१६. **<u>आपूर्तिकर्तासँगबाट सेवा करारमा सुरक्षा जनशक्ति प्राप्त गर्न सकिनेः</u>** (१) नगरपालिकाले सुरक्षा जनशक्ति आपूर्ति व्यवसाय सञ्चालन गर्ने कुनै फर्म, कम्पनी सञ्चालकहरुबाट सेवा करारका विभिन्न शर्तहरु तोकी निश्चित समयका लागि सेवा करार सम्झौताद्वारा आपूर्तिको व्यवस्था गर्न सक्नेछ।

१७. **<u>प्रशासनको नियन्त्रणमा रहनेः</u>** (१) नगर प्रहरीको अनुशासन र आन्तरिक खटन पटन बाहेक समस्त नगर प्रहरी कर्मचारी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र सुरक्षा शाखा प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहन्छ।

(२) नगर प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी प्रमुखले गर्नेछन् ।

१८. **<u>नगर प्रहरी प्रमुख सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम नियुक्त नगर प्रहरी नायाव निरीक्षकले नगर प्रहरी प्रमुखको कार्य गर्नेछ।

(२) प्रहरी कर्मचारीहरु नगर प्रहरी प्रमुखको मातहतमा रहनेछन। निजको आदेश, निर्देशन तथा खटन पटन अनुसार अन्य नगर प्रहरी कर्मचारीहरु परिचालन हुनेछन।

(३) प्रशासन शाखा प्रमुखले नगर प्रहरी प्रमुख र सुरक्षा गार्डमा खटिएको नगर प्रहरी कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृत संग समन्वय गर्नु पर्छ।

## परिच्छेद-५
## नगर प्रहरी नियुक्ति सम्बन्धी व्यवस्था

१९. **उमेदवारको दरखास्त फाराम र प्रवेशपत्रको ढाँचा:** (१) उमेदवारको दरखास्त फारामको ढाचाँ अनुसूचि-१ र प्रवेशपत्रको ढाँचा अनुसूचि-२ बमोजिम हुनेछ।

(२) उम्मेदवारले कारणवश प्रवेशपत्र हराएको भनी निवेदन पेश गरेमा नगरपालिकाले तोकेको दस्तुर लिई प्रवेशपत्रको प्रतिनिधि उपलब्ध गराई परीक्षामा सामेल गराउन सक्नेछ।

२०. **जेष्ठताक्रम कायम गर्ने:** (१) खुला प्रतियोगिता तथा आन्तरिक प्रतियोगिताबाट पदपूर्ति भएका नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरूले आधारभुत तालिममा प्राप्त गरेको अंक र शैक्षिक योग्यताको आधारमा कायम गरिनेछ।

(२) आन्तरिक प्रतियोगिताको माध्यमबाट पदपूर्ति भएका बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिश गरेको योग्यताक्रमलाई नै ज्येष्ठताको क्रम मानिनेछ।

२१. **अन्तर्वार्ता समितिको गठन:** (१) पदपूर्ति समितिले तोकेको एकजना अध्यक्ष र एक जना सदस्य तथा नगरप्रमुखले तोकेको एक जना सदस्य समेत गरी तिन सदस्यीय अन्तरवार्ता समिति गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम अन्तरवार्ता समिति गठन हुन नसकेमा पदपूर्ति समितिले अन्तरवार्ता समितिको कार्य गर्न बाधा पर्ने छैन।

२२. **अन्तिम नतिजा प्रकाशन:** (१) पदपूर्ति समितिले छनौट सम्बिन्धी सम्पूर्ण प्रकृया सम्पन्न भएपछि सबभन्दा बढी अंक प्राप्त गर्ने उमेदवारहरुको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्छ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म रिक्त पदमा पन्ध्र पतिशत वा घटिमा दुई जना योग्यताक्रम् अनुसार वैकल्पिक उमेदवारको सूची समेत प्रकाशन गर्नु पर्छ।

(३) नियुक्तिका लागि सिफारिस भएका उमेदवार तोकिएको समयभित्र नियुक्ति लिन नआएमा वा त्यस्ता पदमा नियुक्त भएको तिन महिनाभित्र पद रिक्त हुन आएमा वा नियुक्त भएका उम्मेदवारको काम सन्तोषजनक नभएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहका उम्मेदावारलाई योग्यता क्रमानुसार नियुक्ति गर्न सकिनेछ।

२३. **नियुक्ति दिने :** (१) दफा २२ को उपदफा (३) बमोजिम नियुक्तिको लागि सिफारिस गरिएका उम्मेदवारलाई सिफरिश भएको मितिले पन्ध्र दिन भित्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले नियूक्ति पत्र दिनु पर्नेछ।

(२) नगरप्रहरीको सेवा सुविधा, सेवाका शर्त सेवा अवधि, जिम्मेवारी, आचरण, विभागिय कारवाही र सजाय सम्बन्धि व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ।

२४. **शपथ ग्रहणः** (१) नगर प्रहरीले नियूक्ति गर्न अख्तियार प्राप्त अधिकारी समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

२५. **परिक्षण कालमा राखिनेः** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परिक्षण कालमा राखिनेछ।

तर महिला नगर प्रहरी कर्मचारीको हकमा परीक्षण कालको अवधि छ महिनाको मात्र रहनेछ।

(३) उपदफा (१) बमोजिम परीक्षण कालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियूक्ति गर्ने अधिकारीले कारण खुलाई पर्चा खडा गरी अवकाश दिन सक्नेछ।

२६. **नियूक्ति बदर हुने अवस्थाः** (१) नियूक्ति गर्ने अधिकारीले देहायको अवस्थामा नगर प्रहरी कर्मचारीको नियूक्ति बदर गर्न सक्नेछ।

(क) परीक्षण कालमा जिम्मेवारी बहन गर्न असक्षम देकिएमा वा आचारण सन्तोषजनक नभएमा,

(ख) नगर प्रहरी आधारभुत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत सफल हुन नसकेमा,

(ग) यस ऐन बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

२७. **करारमा सेवा लिन सकिनेः** (१) दफा १९, २०, २१ र २२ मा जुन सुकै कुरा लेखिएको भएतापनि हाल प्रचलित संघिय वा प्रादेश सरकारको कानून बमोजिम नगर सभा बैठकबाट निर्णय गरी तत्काल करारमा नगर प्रहरी नियुक्ति गर्न सकिनेछ। करार नियुक्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

२८. **करार समाप्तीः** (१) यस ऐन बमोजिम करार गरिएको पद नगरपालिका कर्मचारी सम्बन्धी ऐन वा अन्य कुनै कानून वा अन्य निर्णय बमोजिम पद नरहने वा खारेज हुने भएमा त्यस्तो व्यक्तिको करार स्वतःअन्त्य हुनेछ।

(२) करार सम्झौता गरिएको कर्मचारी कार्य सम्तोषजनक नभएको भनी कार्यरत विषयगत शाखा वा नगरपालिकाले जुनसुकै अवस्थामा करारबाट हटाउन सक्नेछ।

२९. **पदाधिकार कायम रहनेः** (१) देहायको अवस्थामा नगर प्रहरीको आफ्नो पदाधिकार कायमै रहनेछः

(क) आफ्नो पदमा कामकाज गरी रहँदा सम्म,

(ख) बिदामा बसेको अवधिभर,

(ग) निलम्बनमा रहेका अवधिभर,

(घ) नगरपालिकाद्वारा तोकिएको अन्य कार्य गरूञ्जेलको अवधिभर,

(ङ) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

३०. यस ऐन बमोजिम कार्यरत शैक्षिक योग्यता पुगेका नगर प्रहरीलाई माथिल्लो तहमा करार बमोजिम नियूक्ति गर्दा निजले तल्लो पदमा रही कार्य गर्दाको कार्यसम्पादन मूल्याङ्कन, जेष्ठता र दक्षताको मूल्याङ्कन तालिममा प्राप्त गरेको अंकलाई विशेष प्राथमिकता दिइनेछ।

## परिच्छेद-६
## विदा सम्बन्धी व्यवस्था

३१. **विदा अधिकारको कुरा होइनः** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत अस्वीकृत गर्न सक्नेछ। निजले विदा बसेको नगर प्रहरीको विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

३२. **विदा सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरीले पाउने बिदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। सेवा करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक विदा (पालो मिलाई बस्नुपर्ने बाहेकमा) वाहेक नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको विदाहरू पाउनेछ।

(क) महिनाको एक दिनका दरले घर बिदा वार्षिक जम्मा बाह्र दिन।

(ख) महिनाको एक दिनका दरले विरामी बिदा वार्षिक जम्मा बाह्र दिन।

(ग) मृत्यु संस्कार बिदा बढीमा पन्ध्र दिन सम्म।

(घ) प्रसुति बिदा नब्बे दिन, सेवा अवधिभर दुईपटक मात्र।

(ङ) प्रसुति स्याहार बिदा पन्ध्र दिन, सेवा अवधिभर दुईपटक मात्र।

(च) सट्टा बिदा र अतिरिक्त सेवा बिदा तोकिए बमोजिम हुनेछ।

(३) विदा लिने विधि, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानून वा प्रचलित संघ तथा प्रदेश कानुन बमोजिम हुनेछ।

३३. **विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** (१) विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल गरी तलब कट्टी गरीनेछ।

तर विशेष परिस्थिती परी बिदा बस्नु परेको अवस्थामा अनुपस्थिति अवधिको बिदाको निवेदन गरी पाउने बिदा अवधिमा कट्टा हुने गरी बिदा स्वीकृत गराउन सकिनेछ।

(२) कामको अनुकुलता हेरी बिदा दिने अधिकारीले माग बमोजिमको बिदा दिन अथवा नदिन पनि सक्नेछ। साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

३४. **झुटो कारण देखाई बिदा बसेमा कारवाही हुनेः** (१) झुटो काराण देखाई बिदा बसेको पाएमा त्यस्तो प्रहरी कर्मचारी सजाँयको भागीदार हुनेछ।

३५. **बिदा नलिई गैर हाजिर हुने नगर प्रहरीलाई सेवाबाट हटाउन सकिनेः** (१) नगर प्रहरीले यस ऐन बमोजिम बिदा स्वीकृत नगराई लगातार तीस दिन गैर हाजिर भएमा त्यस्तो नगर प्रहरीलाई सेवाबाट हटाउन सकिने छ।

तर विशेष परिस्थिती परी उपस्थित हुन नसकेको उपयूक्त कारण खुलाई प्रमाण सहित निवेदन गरेको र सो निवेदन व्यहोरा साँचो देखिन आएमा अख्तियारवालाले सो गैर हाजिर भएको अवधिको बिदा स्वीकृत गरी दिन सक्नेछ।

## परिच्छेद-७

## नगर प्रहरीको आचरण, पोसाक, चिन्ह, लोगो र पहिचान सम्बन्धी व्यवस्था

**३६. नगर प्रहरीको आचरणः** (१) नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्छ।

(क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफू वा परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृती विना कोही कसै संगबाट दान, वक्स पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन,

(ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुदैन,

(ग) आफू वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरीद गर्नु पर्दा नगरपालिकाको स्वीकृती लिनु पर्छ,

(घ) आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको तीन महिना भित्र र हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठ्ठी दिन भित्र यस्तो अद्यावधिक विवरण नगरपालिकामा पेश गर्नु पर्छ।

(ङ) नगरपालिकाको स्वीकृती बेगर कुनै व्यापार व्यवसाय गर्न पाइने छैन,

(च) नगरपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु नगरपालिकाको आख्तियारी विना कोही कसैलाई दिनु हुदैन,

(छ) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ,

(ज) नगरपालिकालाई खलल पुग्ने गरी वा नगरपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन,

(झ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन।

तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन

(ञ) समय पालन वा नियमिततामा नगर प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्छ।

(ट) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्छ।

(ठ) आफू भन्दा माथिका पदका कर्मचारीले दिएको आदेश पालना गर्ने र पदका कर्मचारीहरु उपर उचित आदर देखाउनु पर्छ।

(ड) आफ्नो मतलव साध्य पार्न कुनै अनुचित प्रभाव पार्नु हुदैन,

(ढ) बहु बिवाह, बाल बिवाह र अनमेल बिवाह गर्नु हुदैन। प्रचलित कानून विपरित हुने गरी विवाह गर्नु गराउनु हुदैन।

**३७. नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरी कर्मचारीहरूको पहिचान र विधिको शासन झल्काउने नगर कार्यपालिकाले तोके बमोजिमको पोशाकको रंग, किसिम, ड्रेस कोड अनिवार्य गरिनेछ।

(२) नगर प्रहरीको पोशाक र दर्ज्यानी चिन्हको रंग तथा निजले प्रयोग गर्ने सुरक्षा तथा सञ्चारका साधन नगरपालिकाले निर्णय गरी तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको दर्ज्यानी चिन्ह अनुसूची-३ बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको नगर प्रहरीको पोशाक देहाय बमोजिमको हुनेछ।

(क) **प्रारम्भिक पोशाकः** प्रत्येक नगर प्रहरी सेवामा नियूक्त भएका नगर प्रहरीहरूले आफ्नो दैनिक ड्युटी, गस्ती, कार्यालय सञ्चालन, प्रशासनिक कार्य तथा स्थानीय क्षेत्रको शान्ति सुरक्षा र सार्वजनिक सम्पत्तिको रेखदेख गर्दा नियमित रूपमा पहिरिने आधारभूत र नगरपालिकाले तोकिएको प्रमाणिक पोशाक पर्नेछ।

(ख) **जाडो मौसमका लागि लगाइने पोशाकः** अत्यधिक चिसो, कुहिरो वा हिउँदको मौसममा नगर प्रहरी कर्मचारीहरूको स्वास्थ्य सुरक्षा, कार्यक्षमता र शारीरिक तापक्रम सन्तुलन कायम राख्दै आफ्नो कर्तव्य पालना गर्न सहज होस् भनी प्रारम्भिक पोशाकको पूरकका रूपमा तोकिएको न्यानो तथा विशेष मौसमी पहिरन वा नगरपालिकाले तोके बमोजिम जाडो मौसमको पोशाक पर्नेछ।

(ग) **सेरोमोनियल पोशाकः** नगरपालिकाद्वारा आयोजना गरिने विशेष समारोह, राष्ट्रिय दिवस, परेड, नगर सभाको उद्धाटन, विशिष्ट अतिथिहरूको स्वागत वा सलामी, तथा नगर प्रमुख वा उपप्रमुखको उपस्थिति हुने औपचारिक उत्सवहरूमा नगर प्रहरीहरूले पहिरिने निर्धारित विशेष, परिष्कृत र मर्यादित पोशाक वा नगरपालिकाले तोके बमोजिम जाडो मौसमको पोशाक पर्नेछ।

(५) नगरपालिकाले नगर प्रहरी कर्मचारीलाई वर्षको एक पटक नगरपालिकाका अन्य कर्मचारीहरुले पाए सरह पोशाक भत्ता उपलब्ध गराउनु पर्छ। यस्तो पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साथै भुक्तानी दिईनेछ।

(६) नगर प्रहरी कर्मचारीले ड्युटीमा रहँदा तोकिएको पोसाक पूर्ण र दुरुस्त रूपमा लगाउनु पर्नेछ। व्यक्तिगत फेसन वा पोसाकमा अनधिकृत परिमार्जन गर्न पाइने छैन।

(७) सञ्चार सेट, सञ्चार कोड प्रयोग सम्बन्धी नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

३८. **<u>नगर प्रहरीको लोगो सम्बन्धी व्यवस्थाः</u>** (१) छायाँनाथ रारा नगरपालिका नगर प्रहरीको आफ्नै छुट्टै विशिष्ट लोगो हुनेछ।

(२) नगर प्रहरीको तहगत पहिचानका लागि काँधमा लगाउने स्ट्र्याप वा तारा र दर्जा चिन्हको स्वरूप अनुसूची-४ बमोजिमको ढाँचामा हुनुपर्नेछ। र कार्यपालिकाको निर्णय बमोजिम छुट्टै निर्धारण गरिनेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिक चिन्ह नगर प्रहरीको टोपी, छातीको दाहिने भागमा ब्याजको रूपमा र काँधमा लगाउने स्ट्र्याप समेत अनिवार्य रूपमा प्रयोग गर्नुपर्छ।

## परिच्छेद-८

## <u>सजाय र पुनरावेदन</u>

३९. **<u>सजायः</u>** (१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई अख्तियारवालाले देहायको सजाय गर्न सकिनेछः

(क) सामान्य सजाय

(१) नसिहत दिने वा प्रतिकूल राय लेख्ने।

(२) शारीरिक थकाई हुने सजाय गर्ने।

(३) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने।

(ख) विशेष सजाय

(१) भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने।

(२) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

(२) दफा ३९ को उपदफा (१) खण्ड (क) बमोजिम सामान्य सजाय र खण्ड (ख) बमोजिम विशेष सजाय गर्ने अवस्था, सजाय गर्दा अपनाउनु पर्ने प्रक्रिया, सजाय गर्ने अधिकारी र सो सजाय उपरको पुनरावेदन एवं निलम्बन सम्बन्धी व्यवस्था नगरपालिकाले आफ्नो कर्मचारीहरुको लागि कार्यान्वयनमा ल्याएको कर्मचारी प्रशासन सम्बन्धी कानूनमा गरिएको व्यवस्था नै नगर प्रहरी कर्मचारीको हकमा समेत लागु हुनेछ।

तर सेवा करारमा लिएका नगर प्रहरी कर्मचारीको हकमा स्पष्टिकरण सहित सामान्य प्रक्रियाबाट सजाय गरी सेवाबाट हटाउन सकिने छ।

४०. **<u>नसिहत दिने वा प्रतिकुल राय लेख्नेः</u>** (१) नगर प्रहरी कर्मचारीले काममा लापरवाही गरेमा नसिहत दिन सकिनेछ। तीन पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ।

४१. **<u>तलब, सेवा सुविधा वा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन रोक्का गर्नेः</u>** (१) नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा वा मनासिब कारण नभई वा बिदा नलिई गैर हाजिर रहेमा वा अनुशासनहिन काम गरेमा वा आचरण सम्बन्धी नियमको उल्लङ्घन गरेमा वा पदको जिम्मेवारी अनुसारको आचारण नगरेमा वा ड्युटीमा भएको अवस्थामा मादक पदार्थ सेवन गरेमा वा ड्युटीमा नरहेको अवस्थामा पनि वर्दीको पोशाक लगाई मादक पदार्थ सेवन गरेमा वा जथाभावी गरेमा सजाय गर्ने अधिकारीले निजको तलब वा अन्य सेवा सुविधा वा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन रोक्का गर्न सक्नेछ।

४२. **<u>नोकरीबाट बर्खास्त गर्नेः</u>** (१) देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई भविष्यमा नोकरीबाट अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्न सक्नेछ,-

(क) राजनीतिमा भाग लिएमा वा राजनीतिक दलको सदस्यता लिएमा वा निर्वाचनमा उम्मेदवार भएमा।

(ख) सरकार वादी हुने फौजदारी मुद्दामा कैदको सजाय पाई मुद्दा अन्तिम भएकोमा।

(ग) बिदा स्वीकृत नगराई लगातार तीस दिन ड्युटीमा अनुपस्थित भएमा।

(घ) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा।

(ङ) पटक पटक अनुशासनहिन काम गरेमा।

(२) देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई भविष्यमा नोकरीबाट अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सक्नेछ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा।

(ख) भ्रष्टचार गरेको ठहर भएमा।

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा स्थायी अनुमति लिनका लागि आवेदन गरेमा।

(घ) नोकरी वा आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट नियूक्ति पाउनका लागि नागरिकता, र योग्यता ढाँटेको प्रमाणित भएमा।

(ङ) बहुविवाह गरेको प्रमाणित भएमा।

४३. <u>**सजाय दिने अधिकारीः**</u> (१) देहायको नगर प्रहरीलाई विभागीय सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछ,-

(क) नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुख।

(ख) अन्य प्रहरी कर्मचारीको हकमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत।

४४. <u>**सजाय सम्बन्धी कार्यविधिः**</u> (१) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना दिँदा लगाइएको आरोप स्पष्टरुपले किटिएको हुनु पर्नेछ। त्यस्तो नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले पन्ध्र दिन भित्र आफ्नो सफाइको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ।

तर देहायको अवस्थामा सफाइ पेश गर्ने मौका दिइने छैन।

(क) भागी ठेगाना पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरीको हकमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भई अन्तिम फैसला भएको नगर प्रहरीको हकमा,

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा सजाय गर्नु भन्दा अघि त्यस्ता नगर प्रहरीको हकमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न वा गराउन सक्नेछन। जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार प्रमाण संकलन गरी सम्बन्धित नगर प्रहरीसँग बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नु पर्नेछ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजाय गर्ने अधिकारीले जाँच बुझ सम्पन्न नभइन्जेल निजलाई निलम्बन गर्न सक्नेछ।

तर यस्तो निलम्बनको अवधि तीन महिना भन्दा बढी हुने छैन।

(५) उपदफा (४) बमोजिम निलम्बन अवस्थामा रहेको नगर प्रहरीलाई निजले पाउने तलब भत्ताको आधा रकम भुक्तानी दिइनेछ।

(क) निलम्बित नगर प्रहरी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए तलब वृद्धी हुने भएमा सो समेतको पुरै रकम पाउनेछ। यदि कसुरदार ठहरिएमा निलम्बन भएका मिति देखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै नगर प्रहरी नगरपालिकाको कामको सिलसिलामा निलम्बन भएको नभई अरु कुनै कारणबाट निलम्बन भएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

**४५. <u>सजायको आदेश दिने:</u>** (१) जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरीलाई निजसँग स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनु पर्नेछ ।

**४६. <u>पुनरावेदन सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३९ को उपदफा (१) र उपदफा (२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको सजायको आदेश उपर चित्त नबुझ्ने नगर प्रहरी कर्मचारीले त्यस्तो आदेशको सूचना पाएको वा थाहा पाएको मितिले पैंतीस (३५) दिनभित्र पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पुनरावेदन सुन्ने अधिकारी वा निकाय नगरपालिकाले आफ्नो कर्मचारीहरुको लागि कार्यान्वयनमा ल्याएको कर्मचारी प्रशासन सम्बन्धी प्रचलित कानुनमा तोकिएको पुनरावेदन सुन्ने अधिकारी वा समिति नै हुनेछ वा नगरपालिकाले तोकेको अधाकरी वा समिति हुनेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको पुनरावेदनको सम्बन्धमा कारबाही गर्दा, म्याद थप गर्दा, प्रमाण बुझ्दा र निर्णय गर्दा अपनाउनु पर्ने कार्यविधि, पुनरावेदन सुन्ने अधिकारीको अधिकार र पुनरावेदनको किनारा लगाउनु पर्ने अवधि नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी कानुनमा तोकिए बमोजिम नै हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, नगर प्रहरी कर्मचारीको निलम्बन, सजाय गर्दा अपनाउनु पर्ने प्रक्रिया र सो उपरको पुनरावेदन सम्बन्धी अन्य व्यवस्थाको हकमा यस ऐनमा छुट्टै उल्लेख नभएका विषयहरूमा नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी कानुनमा भएको व्यवस्था स्वतः लागू हुनेछ।

**४७. <u>नगर प्रहरी सेवामा पुर्वाहाली भएपछी पुरा तलब भत्ता पाउने:</u>** (१) कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै निकाय वा अधिकारीबाट रद्द भई निज सेवामा पुर्वहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मिति देखि पुर्वहाली भएको मिति सम्मको पूरा तलब निजले पाउनेछ।

## परिच्छेद-१०
## <u>कायम मुकायम र कार्यवाहकको व्यवस्था</u>

४८. **<u>कायम मुकायम मुकरर गर्न सक्ने:</u>** (१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन।

तर पद रिक्त रहेको अवस्था परी कार्यालको दैनिक कार्य संचालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ।

(२) यस ऐन बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिका कर्मचारीहरू मध्ये बढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठ नगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ।

(३) कुनै नगर प्रहरी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

४९. **<u>कायम मुकायम गर्ने अधिकारी:</u>** (१) नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर नगरपालिकाका कार्यकारी अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यबाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यबाहक तोकिने छ।

(३) उपदफा (२) बमोजिम कार्यवाहक भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

(४) देहायको अवस्थामा मुकायम मुकरर गर्न सकिने छ।

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर।

५०. **<u>निमित्त भई काम गर्ने व्यवस्था:</u>** (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाघ्ने गरी कुनै कायणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ।

५१. **<u>एक पदमा एक व्यक्ति मात्र मुकायम वा कर्यवाहक हुने:</u>** (१) कुनै एक पदमा एक समयमा एक भन्दा बढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुनसक्ने छैन।

५२. **<u>काम गरेको अवधिको तलब भत्ता:</u>** (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कार्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ।

तर पन्ध्र दिन सम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइनेछ।

## परिच्छेद-११
## विविध

**५३. <u>गजुरी तथा गुनासो सुनुवाई सम्बन्धि व्यवस्था:</u>** (१) नगर प्रहरीको काम कारबाहीबाट प्रभावित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी दिन सक्नेछ।

**५४. <u>तालीम सम्बन्धी व्यवस्था:</u>** (१) नगर प्रहरीलाई आधारभूत तालीमको अतिरिक्त समय समयमा पुनर्ताजकी तालिम उपलव्ध गराइनेछ।

(२) यसरी दिइने तालीमको लागि विज्ञ समुहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालीम प्रदान गरिनेछ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालीम अनिवार्य रुपमा लिनु पर्छ।

(४) तालीम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५५. <u>तलब भत्ता:</u>** (१) नगर प्रहरी कर्मचारीको तलब भत्ता नेपाल सरकारले तोके बमोजिम तहगत रूपमा पाउने तलब स्केलको आधारमा करारमा उल्लेख भए अनुसार हुनेछ। अन्य सेवा सुविधाको हकमा तोकिए बमोजिम हुनेछ।

**५६. <u>चाड पर्व खर्च पाउने:</u>** (१) नगर प्रहरी कर्मचारीले आफूले आफ्नो धर्म संस्कृती परम्परा अनुसार मनाईने मुख्य चाडपर्वमा खाइपाइ आएको एक महिना बराबरको तलब आर्थिक वर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन्।

**५७. <u>निरीक्षण र निर्देशन:</u>** (१) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको डयुटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ। निजको निर्देशनको पालना गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

**५८. <u>आवाश:</u>** (१) नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२) नगर प्रहरीलाई ब्यारेक प्रणालीमा प्राप्त हुने सुविधा तोकिए बमोजिम हुनेछ।

**५९. <u>पुरस्कार तथा प्रोत्साहन:</u>** (१) नगर प्रहरीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा उल्लेखनिय काम गरे वापत निजलाई नगरपालिकाले निर्णयले प्रोत्साहन स्वरूप आर्थीक सुविधा एवं प्रशंसापत्र प्रदान गर्न सक्नेछ।

**६०. <u>अनिवार्य अवकाश:</u>** (१) नगर प्रहरी जवान निजामती सेवा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ।

**६१. <u>बिमा र कोषमा आवद्धता सम्बन्धी व्यवस्था:</u>** (१) नगर प्रहरीलाई तोकिए बमोजिम सामाजिक सुरक्षा कोषमा र स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गर्न सकिनेछ।

**६२. <u>यसै ऐन बमोजिम भएको मानिने:</u>** (१) नगरपालिकामा यो ऐन लागु हुनु भन्दा अगाडि नियुक्त भएका नगर प्रहरी कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ।

६३. **<u>बाधा अडकाउ फुकाउने अधिकारः</u>** (१) यस ऐन कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ आई परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

६४. **<u>प्रचलीत कानून बमोजिम हुनेः</u>** (१) यस ऐनमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा प्रचलीत नगरपालिकाका अन्य कानून तथा प्रचलीत नेपाल कानून संघ र प्रदेश कानून बमोजिम हुनेछ।

६५. **<u>बचाउः</u>** (१) नगर प्रहरी कार्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामका सम्बन्धमा निज बहालमा रहदा वा बहाल टुटिसके पछी पनि अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्दा चलाउन सकिने छैन। स्वीकृती लिई चलेको मुद्दाको प्रतिरक्षा नगरपालिकाले गर्नेछ।

६६. **<u>नियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेः</u>** (१) यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड, कार्यविधि बनाउन सक्नेछ।

६७. **<u>ऐनमा संशोधनः</u>** (१) यस ऐन कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार नगर सभाले संशोधन गर्न सक्नेछ। त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ।

६८. **<u>खारेजी र बचाऊ:</u>** (१) संघीय सरकार र प्रादेशिक सरकारसँग यो ऐन बाझिएको हदसम्म स्वतः अमात्य भई बदर हुनेछ । अन्यको हकमा यसै ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) देहायका नियमावली खारेज गरिएको छ।

(क) नगर प्रहरी व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०८०

**अनुसूची-१**
**(दफा २० को उपदफा (१) सँग सम्बन्धीत)**

**<u>दरखास्त फारामको ढाचाँ</u>**

श्री ..........................
..............................

त्यस कार्यालयबाट मिति ................ मा प्रकाशित विज्ञापन अनुसार म ................. पदमा नोकरी गर्न अभिलाषा लिई निवेदन गर्न आएको छु ।

नाम, थर ..................................................... जन्म मिति ..............................................
जन्म स्थान..................................................... शैक्षिक योग्यता
१.........................
२.........................
पेशा.........................
बाबुको नाम.................................... बाजेको नाम ..................................
नागरिकता..........................................
माथि लेखिएको विवरण ठीक साँचो छ । भुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| दाँया | बाँया |
|---|---|
| | |

............................
निवेदकको हस्ताक्षर

मिति...........................
द्रष्टव्य : माथि लेखिएका देखि वाहेक अन्य कुरा खुलाउनु परेमा छुट्टै पानामा लेखी आवेदन साथै पासपोर्ट साइजको हालसालै खिचिएको तस्वीर यसै साथ समावेश गर्नु पर्नेछ ।
विभागीय उम्मेदवारको लागि मात्र : (क) हाल कार्यरत दर्जा :-
(ख) दरवन्दी :-

**<u>द्रष्टव्य:</u>** दरखास्त साथ विज्ञापनमा उल्लेख भएका अतिरिक्त देहायका कागजपत्र समेत अनिवार्य रुपमा पेश गरी प्रमाणित गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रतिपिपी

(२) विज्ञापन भएका पदका लागि तोकिएको न्युनतम् शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी

(३) सम्बन्धित व्यवसायिक परिषद्मा नाम दर्ता हुनु पर्ने पदका लागि परिषदमा दर्ता भएका प्रमाणपत्रका प्रतिलिपी पासपोर्ट साईजको फोटो र फाराममा दुवैमा पर्ने गरी उम्मेदवारको सही

## अनुसूची-२
## (दफा २० को उपदफा (१) सँग सम्बन्धीत)

### <u>प्रवेशपत्रको ढाँचा</u>

| पासपोर्ट साईजको फोटो र फाराममा पदको खुल्ला दुवैमा पर्ने गरी उम्मेदवारको सही |
|---|

नगर प्रहरी ........................................................ पदको खुल्ला

प्रतियोगिता परीक्षाको लागि

(क) विज्ञापन मिति :-

(ख) बिज्ञापन नं. :-

(ग) दर्ता नम्बर :-

(घ) नाम, थर :-

(ङ) उमेर :-

(च) श्रेणी, तह :-

<u>भर्ना छनौट शाखाको सम्बन्धित **कर्मचारीले भर्ने :**</u>

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षमा तपाईलाई उक्त केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुन **हुन** सक्नेछ । नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाए **नपाएको** ।

परीक्षा केन्द्र :-

मैले यस अघि नगर प्रहरीमा जागिर गरेको छ/छैन । छ भने छोडेको मिति : ..........................

छाड्नुको कारण :- दर्जा :-

ठेगाना:-

(क) स्थायी:-

(ख) अस्थायी :-

(ग) सम्पर्क नं. :-

(घ) ई-मेल ठेगानाः-

अनुसूची-३

(दफा ३७ को उपदफा (३) सँग सम्बन्धीत)

## नगर प्रहरीको दर्ज्यानी चिन्ह

| पद | दर्ज्यानी चिन्ह | विवरण |
|---|---|---|
| नगर प्रहरी नायव निरीक्षक |  | दुई तारा |
| नगर प्रहरी सहायक निरीक्षक |  | एक तारा |
| नगर प्रहरी हवल्दार ईन्चार्ज |  | एक सिधा लाइन र तीनवटा धर्का |
| नगर प्रहरी हवल्दार |  | तीनवटा धर्का |
| नगर प्रहरी जवान |  | एक धर्का |

अनुसूची-४

**(दफा ३८ को उपदफा (२) सँग सम्बन्धीत)**

**<u>नगर प्रहरीको लोगोको ढाँचा</u>**

**(क) नगर प्रहरीले प्रयोग गर्ने मुख्य लोगो**

**<u>लोगोको विस्तृत विवरण</u>**

१. **माथिल्लो भागमा नगरपालिकाको नामः** रातो रंगमा अर्धवृत्ताकार रूपमा **"छायाँनाथ रारा नगरपालिका"** लेखिएको छ। यसले स्थानीय तहको परिचय दिने र नगर प्रहरी नगरपालिकाको अभिन्न अंग भएको संकेत गर्दछ।

२. **नेपालको राष्ट्रिय झण्डाः नगरपालिकाको नामको तल्ल तिर** बीच भागमा नेपालको राष्ट्रिय झण्डा रहेको छ। यसले राष्ट्रिय सार्वभौमिकता, राष्ट्रिय गौरव, संविधानप्रतिको प्रतिबद्धता र राष्ट्रसेवाको रूपमा जनाउँछ।

३. **खुकुरी र लठ्ठीः** झण्डाको तल एकवटा खुकुरी र एक वटा लठ्ठी एकआपसमा क्रस गरी राखिएका छन्। यसले वीरता, साहस, सुरक्षा, न्यायको रक्षा र नेपाली पहिचानको प्रतिनिधित्व गर्दछ। खुकुरी नेपालको गौरवशाली इतिहास तथा सुरक्षाको प्रतीक हो।

४. **हिमालः** लोगोको केन्द्रमा सुन्दर हिमाल देखाइएको छ। यसले मुगु जिल्लाको हिमाली भूगोल, प्राकृतिक सम्पदा, स्वच्छता, उच्च आदर्शलाई जनाउँछ।

५. **रारा ताल:** हिमालको तल रहेको नीलो ताल रारा ताल हो। यसले नेपालको सबैभन्दा ठूलो ताल, प्राकृतिक सौन्दर्य, पर्यटन, जैविक विविधता र वातावरण संरक्षणको प्रतिनिधित्व गर्दछ।

६. **धार्मिक तथा सांस्कृतिक सम्पदा:** तालको किनारमा रहेको छायाँनाथ मन्दिरले धार्मिक आस्था, सांस्कृतिक सम्पदा, स्थानीय सभ्यता, सामाजिक सद्भावको प्रतिनिधित्व गर्दछ।

७. **वन तथा हरियाली:** तालको वरिपरि रहेका हरिया रुखहरूले रारा निकुञ्ज, वन संरक्षण, वातावरणीय सन्तुलन, जैविक विविधता र हरित विकासलाई संकेत गर्दछन्।

८. **सुनौलो धानका बाला:** दुवैतर्फ रहेका सुनौलो बालाहरूले कृषि समृद्धि, सम्मान, उपलब्धि, सफलता, नागरिकको समृद्ध जीवन जनाउँछन्।

९. **रातो रिबन:** तल रातो रिबनमा **"नगर प्रहरी"** लेखिएको छ। यसले संगठनको आधिकारिक नाम गौरव, सेवाभाव र उत्तरदायित्वलाई स्पष्ट गर्दछ।

१०. **रंगहरूको अर्थ**

(क) **रातो** – साहस, बलिदान, राष्ट्रप्रेम

(ख) **निलो** – शान्ति, सुरक्षा, विश्वास

(ग) **हरियो** – वातावरण, वन, विकास

(घ) **सेतो** – निष्पक्षता, इमान्दारिता, पारदर्शिता

(ङ) **सुनौलो** – सम्मान, समृद्धि, उपलब्धि

(च) **कालो** – दृढता, अनुशासन र कानुनी कठोरता

**(ख) नगर प्रहरीले आफ्नो पोसाकको दुबै हातको दायाँ बायाँ काँधमा राक्ने लोगो**

<u>लोगोको विस्तृत विवरण</u>

**छायाँनाथ रारा नगरपालिकाको नगर प्रहरी**को आधिकारिक पहिचानलाई आधुनिक, आकर्षक तथा औपचारिक शैलीमा प्रस्तुत गर्न यो प्रतिक चिन्ह राखिएको हो। लोगोमा नेपालको राष्ट्रियता, स्थानीय प्राकृतिक सम्पदा, नगर प्रहरीको कर्तव्य तथा सुरक्षाको भावलाई समेटिएको छ।

१. **बाहिरी आयताकार फ्रेमः** लोगोको सबैभन्दा बाहिरी भागमा गाढा निलो, पहेंलो र रातो रंगको बहुस्तरीय आयताकार फ्रेम प्रयोग गरिएको छ।

   यसले निम्न अर्थ दिन्छः

   - **गाढा निलो** – कानुनी शासन, अनुशासन, विश्वास र सुरक्षा।
   - **पहेंलो (सुनौलो)** – समृद्धि, सफलता, सम्मान तथा उज्ज्वल भविष्य।
   - **रातो** – साहस, राष्ट्रप्रेम, समर्पण तथा बलिदान।

   बहुस्तरीय फ्रेमले नगर प्रहरीको बहुआयामिक सुरक्षा प्रणाली तथा संस्थागत मजबुतीलाई प्रतिनिधित्व गर्दछ।

२. **षट्कोण आकृतिः** बीचमा रहेको षट्कोणीय आकृति आधुनिक सुरक्षा चिन्हको स्वरूपमा तयार गरिएको छ। यसले सुरक्षा, स्थायित्व, अनुशासन, संगठनात्मक एकता र कानूनको संरक्षणको प्रतिनिधित्व गर्दछ। षट्कोणको प्रयोगले आधुनिक सुरक्षासम्बन्धी संस्थाको पहिचानलाई बलियो बनाउँछ।

३. **नगरपालिकाको भौगोलिक नक्साः** बाहिरी आयताकार तथा षटकोण आकृतिको बिचमा रहेको (क) नं. अनुसारको लोगोको ठिक पछाडी पट्टी छायाँनाथ रारा नगरपालिकाको नक्सा राखिएको छ। जसले नगरपालिकाको भौगोलिक अवस्थालाई इंकित गर्दछ। र नगर प्रहरीको काम गर्ने क्षेत्र समेत ईकित गर्दछ।

**<u>लोगोको समग्र भावार्थ</u>**

यो लोगोले **छायाँनाथ रारा नगरपालिकाको नगर प्रहरी**लाई **कानूनको पालना गराउने, सार्वजनिक सुरक्षा सुनिश्चित गर्ने, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने, नागरिकमैत्री सेवा प्रदान गर्ने र स्थानीय सरकारप्रति उत्तरदायी सुरक्षा निकाय**का रूपमा चित्रण गर्दछ। यसले राष्ट्रप्रेम, वीरता, अनुशासन, सेवा, सुशासन, वातावरण संरक्षण तथा स्थानीय पहिचानलाई एउटै प्रतीकमा समेटेको छ।

आज्ञाले,
बिष्णु पौडेल
प्रमुख प्रशासकीय अधिकृत